## नेपाल क्लियरिङ्ग हाउस लि. को
## दोश्रो साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)

यस नेपाल क्लियरिङ्ग हाउस लि.का सञ्चालक समितिका अध्यक्ष श्री रत्न राज बज्राचार्य ज्यूको सभापतित्वमा कम्पनीको दोश्रो साधारणसभा मिति २०७०/०६/१६ गते (तदनुसार अक्टोबर २, २०१३) बुधबार ११:३० बजे देखि १२:३० बजे सम्म होटेल याक एण्ड यति, दरबारमार्ग, काठमाडौमा सुसम्पन्न भयो । दोश्रो साधारण सभामा उपस्थिति, छलफलका बिषय सूची, सूचना प्रकाशन, सभाको बैधानिकता, गणपूरक संख्या, सभापतित्व, सभा संचालन, छलफलका क्रममा व्यक्त गरिएका प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पूस्तिका (माइन्यूट) देहाय बमोजिम छन्:

१. **उपस्थिति:**

**(क) सञ्चालकहरुको उपस्थिति:**

१) श्री रत्न राज बज्राचार्य, अध्यक्ष
२) श्री हरिप्रसाद काफ्ले, सञ्चालक
३) श्री राजन सिं भण्डारी, सञ्चालक
४) श्री ज्योति प्रकाश पाण्डे, सञ्चालक
५) श्री रविन्द्र बहादुर मल्ल, सञ्चालक
६) श्री कृष्णराज लामिछाने, सञ्चालक
७) श्री सरोज काजी तुलाधर, सञ्चालक

**(ख) अन्य पदाधिकारीहरुको उपस्थिति:**

१) श्री नीलेश मान सिंह प्रधान, प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव
२) श्री दिपेश बहादुर श्रेष्ठ, अपरेशन म्यानेजर
३) श्री डिल्ली मान शाक्य, इन्फ्रा/टेक्नोलोजि म्यानेजर
४) श्री विष्णु गौतम, सिस्टम म्यानेजर
५) श्री मान बहादुर खत्री, फाइनान्स/एडमिन अफिसर
६) श्री जे.वि.राजभण्डारी, लेखापरीक्षक
७) श्री महेन्द्र कान्त मैनाली, कानूनी सल्लाहकार

**(ग) शेयरधनीहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| १) उपस्थित शेयरधनीहरुको संख्या | ५४ | जना |
| २) शेयरको प्रतिनिधित्व संख्या | ९,७०,८९१ | कित्ता |
| ३) जम्मा शेयरधनी संख्या | १३१ | जना |
| ४) बाँडफाँड शेयर संख्या | १५,००,००० | कित्ता |
| ५) उपस्थिति शेयरधनीहरुको शेयर प्रतिनिधित्व प्रतिशत | ६४.७२ | प्रतिशत |

२. **छलफलका बिषयहरु**

**क. *साधारण प्रस्ताव***

१. संचालक समितिको आ. व. २०६९/०७० को प्रतिवेदन पारित गर्ने ।
२. लेखा परिक्षण प्रतिवेदन सहितको २०७० आषाढ मसान्त तकको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०६९/०७० को नाफा नोक्सान हिसाब तथा नगद प्रबाह विवरण स्वीकृत गर्ने ।
३. आ.व. २०७०/०७१ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (जे.वि.राजभण्डारी एण्ड डिविन्स पुन नियुक्त हुन योग्य रहनु भएकोले लेखा परिक्षण समितिवाट पुन नियुक्तिको निमित्त शिफारिस भएको)

४. कम्पनीको नियमावली अनुसार समूह 'घ' र 'ङ' का शेयरधनीको तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्ने एक/एक जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख.** ***विविध***

### ३. सूचना प्रकाशन

सञ्चालक समितिको मिति २०७०/०५/२५ मा बसेको ६५औं बैठकको निर्णय बमोजिम यस कम्पनीको दोश्रो साधारण सभा मिति २०७०/०६/१६ गते बुधबार (तदनुसार अक्टोबर २, २०१३) मा वस्ने सूचना, सभामा छलफल हुने बिषय तथा सोको विवरण शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको थियो र मिति २०७०/०५/२६ गते 'द काठमाडौ पोष्ट' राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०७०/०६/०१ गते 'कारोबार दैनिक' राष्ट्रिय दैनिक पत्रिकामा सो व्यहोराको सूचना प्रकाशित गरिएको थियो । कम्पनीको website मा पनि सभा सम्बन्धी विवरणहरु राखिएको थियो ।

### ४. गणपुरक संख्या

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | १३१ | ५४ | ४१.२२ |
| शेयर संख्या | १५,००,००० | ९,७०,८९१ | ६४.७२ |

### ५. सभाको बैधानिकता तथा सभापतित्व

सभा प्रारम्भ गर्दै कम्पनी सचिव ज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन २०६३ को दफा ६९ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको ब्यहोरा सभालाई अवगत गराउनु भयो र सभाका सभापति श्री रत्न राज बज्राचार्य ज्यूलाई वैधानिक प्रक्रिया पुरा भएकोले सभा संचालन गर्न अनुमतिको लागि अनुरोध गर्नुभयो ।

### ६. सभा संञ्चालन तथा मन्तव्य प्रस्तुति

कम्पनीका अध्यक्ष एवं सभाका सभापति श्री रत्न राज बज्राचार्यज्यूले उपस्थित सवै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सञ्चालक समितिका तर्फबाट आफ्नो मन्तव्य प्रस्तुत गर्नु भयो । तत्पश्चात सभापतिज्यूले सभा समक्ष प्रस्तावित बिषयहरु छलफलका लागि पेश गर्नुभयो ।

प्रस्तावहरुको छलफलको क्रममा सभाका सभापति ज्यूले आगामी कार्तिक देखि लागु गर्नु पर्ने MIRC चेकको हकमा यथाशक्य कम खर्चिलो तथा सुविधाजनक हुने गरी सम्पन्न गर्न कम्पनी लागि परेकोमा वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीहरुका संघहरु मार्फत उक्त चेकमा हुनुपर्ने सुरक्षण मापदण्डहरु तथा MICR को ढाँचामा पनि केहि परिवर्तन गर्ने सुझावहरु नेपाल राष्ट्र बैंकलाई पठाउने क्रममा रहेको समेत जानकारी गराउनु भयो ।

तत्पश्चात सभाका समापति ज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई कुनै प्रश्न, जिज्ञासा वा सुझाव दिनको लागि अनुरोध गर्नुभयो । सोहि क्रममा शेयरधनी महानुभावहरुले उठाउनु भएका निम्न प्रश्न, जिज्ञासा तथा सुझावहरुमा अध्यक्ष ज्यू तथा प्रमुख कार्यकारी अधिकृतले देहाय बमोजिम जवाफ दिनुभयो ।

१. ह्रासकट्टि गत वर्ष. रु.८२,७७,१५९ मात्र रहेकोमा आ. व. २०६९/०७० मा रु.१,६७,०९,५२१ रहेको देखिएकोले बढ्नुको कारण के हो ?

उक्त प्रश्नको जवाफमा प्रमुख कार्यकारी अधिकृतले कम्पनीको सम्पत्ति मध्ये सफ्टवेयरलाई गत वर्षको अन्तिम महिनामा मात्र book गरिएको र कम्पनीको आन्तरिक नीति बमोजिम खरीद गरेको

NEPAL
CLEARING
HOUSE

अर्को महिनादेखि मात्र ह्रास कट्टि गर्ने व्यवस्था बमोजिम उक्त बर्षमा कम भएको हो तर, आ.व. २०६९/७० मा पुरा वर्षको ह्रासकट्टि भएकोले सो फरक देखिएको जानकारी गराउनु भयो ।

२. कम्पनीले नेपाल भरिका जिल्लाहरुमा ECC Rollout गर्दा सदस्य बैंक/वित्तीय संस्थाहरुले थप शुल्क तिर्नु पर्छ कि पर्दैन ?

उक्त प्रश्नको जवाफमा प्रमुख कार्यकारी अधिकृतले कम्पनीले सञ्चालनमा ल्याएको NCHL-ECC System राष्ट्रिय स्तरको भुक्तानी प्रणाली भएकोले बैंक/वित्तीय संस्थाहरुले कम्पनीसँग गर्ने/गरेको सम्झौता देशव्यापी रुपमा प्रयोग गर्न मिल्ने हो र सो को लागि कुनै थप शुल्क तिर्नु पर्दैन भन्ने जानकारी दिनुभयो । यद्दपि सदस्य बैंक/वित्तीय संस्थाले आफ्नो शाखाबाट outward clearing गर्नको लागि स्क्यानरको भने व्यवस्था गर्नुपर्ने हुन्छ ।

३. कम्पनीले सदस्य बैंक/वित्तीय संस्थाहरुलाई दिएको login id किन 'named user' भएको ? यसले गर्दा कर्मचारीको सरुवा हुदाँ वा छोड्दा नयाँ loging id खरीद गर्नु पर्ने हुन्छ ?

उक्त प्रश्नको जवाफमा प्रमुख कार्यकारी अधिकृतले NCHL-ECC System मा प्रयोग हुने login id 'named user' भए तापनि कर्मचारी सरुवा हुदाँ वा छोडेको खण्डमा सदस्य बैंक/वित्तीय संस्थाबाट अनुरोध आएमा पुरानो login id निष्कृय पारी बाँकी अवधिको लागि नयाँ login id दिने व्यवस्था रहेको र उक्त व्यवस्थामा शुल्क नलाग्ने समेत जानकारी दिनुभयो ।

## ७. प्रस्ताव माथि छलफल तथा निर्णयहरु

***(क) साधारण प्रस्ताव:***

***(१) संचालक समितिको आ.व. २०६९/०७० को प्रतिवेदन पारित गर्ने ।***

सभाका सभापतिज्यूले प्रस्तुत गर्नु भएको अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको दोश्रो वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

***(२) लेखा परिक्षण प्रतिवेदन सहितको २०७० आषाढ मसान्त तकको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०६९/०७० को नाफा नोक्सान हिसाब तथा नगद प्रबाह विवरण स्वीकृत गर्ने ।***

सभाका सभापतिज्यूले सभामा प्रस्तुत गर्नु भएको लेखापरीक्षकको प्रतिवेदन सहितको २०७० आषाढ मसान्त तकको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६९/०७० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु माथि छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

***(३) आ.व. २०७०/०७१ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (जे.वि.राजभण्डारी एण्ड डिविन्स पुन नियुक्त हुन योग्य रहनु भएकोले लेखा परिक्षण समितिवाट पुन नियुक्तिको निमित्त शिफारिस भएको)***

कम्पनीको लेखा परीक्षण समितिको सिफारिस अनुसार श्री जे.वि.राजभण्डारी एण्ड डिविन्स्लाई आ.ब. २०७०/०७१ को लेखापरीक्षकमा नियुक्ति गर्ने र निजलाई लेखा परीक्षण तथा कर लेखा परीक्षण समेत गर्नका लागि भ्याट तथा अन्य विविध खर्च वाहेक रु. ७१,५००/- पारिश्रमिक प्रदान गर्न सर्वसम्मतीबाट पारित गरियो ।

***(४) कम्पनीको नियमावली अनुसार समूह "घ" र "ङ" का शेयरधनीको तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्ने एक/एक जना संचालकहरुको निर्वाचन गर्ने ।***

संचालक समितिको मिति २०७०/०५/२५ मा बसेको ६५औ बैठकको निर्णय बमोजिम श्री महेन्द्र कान्त मैनाली, वरिष्ठ अधिवक्तालाई दोश्रो वार्षिक साधारण सभाका लागि निर्वाचन अधिकृतको जिम्मेवारी दिईएकोले सभाका सभापति ज्यूको अनुमति पश्चात नियमावली अनुसार समूह 'घ' र 'ङ' का शेयरधनीको तर्फबाट संचालक समितिको प्रतिनिधित्व गर्न एक/एक जना संचालकहरुको निर्वाचन प्रक्रिया शुरु गर्न निर्वाचन अधिकृत ज्यूलाई अनुरोध गर्नुभयो ।

तत्पश्चात निर्वाचन अधिकृत ज्यूले निर्वाचनमा अपानाइएका प्रक्रिया तथा समय तालिका बारे र तोकिएको समयावधिमा समूह 'घ' र 'ङ' मा निम्न एक/एक जना उम्मेदवारहरुले मनोनयन पत्र दाखिला गराउनु भएको जानकारी गराउनु भयो ।

***समूह 'घ'***
(१) श्री कृष्णराज लामिछाने, प्रमुख कार्यकारी अधिकृत, प्रतिनिधि कैलाश विकास बैंक लि. ।

***समूह 'ङ'***
(१) श्री सरोज काजी तुलाधर, प्रमुख कार्यकारी अधिकृत, प्रतिनिधि गुडविल फाइनान्स लि. ।

समूह 'घ' र 'ङ' का शेयरधनीहरुको तर्फबाट संचालक समितिको प्रतिनिधित्व गर्न एक/एक जना संचालकको निर्वाचनमा जति पद संख्यामा निर्वाचन हुनु पर्ने हो त्यतिनै संख्याको मात्र उम्मेदवारि परेको हुदा समूह 'घ' र 'ङ' मा वहाँहरू निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्नुहुदै निर्वाचित संचालक ज्यूहरुलाई बधाई एवं स्वागत गर्नुभयो ।

***(ख) विविध :***

अध्यक्ष ज्यूले कम्पनीको नियमावलीको दफा २६ मा व्यवस्था भए बमोजिम दोश्रो साधारण सभाको निर्णय विवरणको अभिलेख (माइन्युट) मा सभाको सभापति तथा कम्पनी सचिवले हस्ताक्षर गर्ने जानकारी गर्नु भयो ।

८. **धन्यवाद ज्ञापन:**

अध्यक्ष ज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, सञ्चालकहरु, कर्मचारीहरु तथा अन्य पदाधिकारीहरु एवं यस दोश्रो साधारण सभा सफल गराउन सहयोग गर्नु हुने सबैलाई धन्यवाद दिनु भयो र उपस्थित सम्पूर्ण महानुभावहरुलाई आँउदो वडा दशै २०७० को शुभकामना व्यक्त गर्दै समा विर्सन भएको घोषणा गर्नुभयो ।

NEPAL CLEARING HOUSE

नीलेश मान सिहं प्रधान
कम्पनी सचिव तथा
प्रमुख कार्यकारी अधिकृत

रत्न राज बज्राचार्य
सभाका सभापति एवं
सञ्चालक समितिका अध्यक्ष